## अनुसूची १

### कार्यविधिको दफा (१५) सँग सम्बनिधत

### उपभोक्ता समिति र गाउँपालिका विच हुने सम्झौता

**मिति :**

# सम्झौता

फालेलुङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय मेमेङ पाँचथर (यस पछि पहिलो पक्ष भनिएको ) र फालेलुङ गाउँपालिका वडा नं. ...... ............................................................... आयोजनाका लागि मिति २०७४।     मा गठित उपभोक्ता समिति (यस पदि दोश्रो पक्ष भनिएको ) विच सो आयोजनाको सञ्चालन का    सम्बन्धमा तपशील शर्तहरुको अधिनमा रही यो सम्झौता गरिएको छ ।

तपशील :

१. आयोजना कार्यक्रममा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदान  सुनिश्चित गर्नुपर्ने ।

२. तोकिएको काम भन्दा बढी गर्ने वा काम नै नगरि वा बास्तविक कामभन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पुरा गरेको देखाई लागत अनुमान भन्दा बढी रकम माग्न पाइने छैन । यस्तो कार्य गरिएको पाइएका उक्त उपभोक्ता समितिलाई कालो सूचीमा राखिनेछ ।

३. उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ । खाता सञ्चालकको तिन पुस्ते खुलाई गाउँकार्यपालिकाको कार्यालयमा अभिलेख राखिनेछ ।

४. उपभोक्ता समितिले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना कार्यालयले तोकेको ढाँचामा सार्वजनिक गरि गाउँकार्यपाकिलाको कार्यालयमा समेत जानकारी गराउनुपर्नेछ ।

५. गाउँकार्यपालिकाको कार्यालयबाट निर्वाचित पदाधिकारी, कर्मचारीले जुनसुकै बेलामा पनि आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति, निर्माण व्यवसायी वा संघ संस्थाको आर्थिक कारोवारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सक्नेछ ।

६. उपभोक्ता समिति, गैर सरकारी संस्था वा सामुदायिक संस्थाले आफ्नो खाताबाट पच्चिस हजार भन्दा बढी आर्थिक कारोवारको  भुक्तानी दिँदा सम्भव भए सम्म बैङ्क/वित्तिय संस्था मार्फत गर्नुपर्नेछ ।

७. श्रममुलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्विकृत गराई सोही बमोजिम सम्झौता गरि मेशीनरी तथा उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा  त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरि उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मुल्याङ्कन गरि बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

८. आयोजना वा कार्यक्रम सञ्चालन गर्ने उपभोक्ता समिति वा अन्य संघ संस्थाले आयोजनाको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन कार्यालयले निर्धारण गरेको ढाँचामा तोकिएको समयमा स्थानीय तहमा पठाउनुपर्नेछ ।

९. उपभोक्ता समितिलाई स्थानीय तहले प्राविधिक सहायता उपलव्ध गराउनेछ ।

१०. उपभोक्ता समिति वा आयोजना कार्यक्रम सञचालन गर्ने निकायले समितिको निर्णयानुसार कार्यक्रम सञ्चालन गर्ने । स्थानीय तहले तोकेको प्राविधिकले तयार गरेको लागत अनुमान र प्राविधिक सल्लाहको अधिनमा रही आयोजना/कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

११. उपभोक्ता समितिले मासिक रुपमा बैठक बस्नुपर्ने ,बैठकको निर्णय यस गाउँकार्यपालिकालाई जानकारी दिनुपर्ने , आयोजना संचालन , संरक्षण र मर्मत सम्भार गर्ने, आफूले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसकेमा उपभोक्ता समितिको निर्णय सहित थप म्याद माग गर्ने, कार्यक्रम कार्यान्वयन सँग सम्बन्धित सम्पुर्ण खर्चहरुको विल भर्पाइ सुरक्षित राख्ने, सम्बन्धित कामको प्रगति विवरण स्थानीय तहलाई उपलव्ध गराउने कामको फरफारक गर्नु अघि समीक्षाको लागि लाभान्वित सम्पुर्णको आमभेला बोलाई उक्त बैठकको उपस्थिती र निर्णयको प्रतिलिपि स्थानीय तहमा पेश गर्ने ।

१२. उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिका पदाधिकारीको नाम, कार्य सुरु तथा सम्पन्न मिति समेत खुल्ने गरि सम्बन्धित कार्यस्थलमा सार्वजनिक परिक्षण तथा सार्वजनिक सुनुवाई गरि सोको प्रतिबेदन गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

१३. उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा सञ्चालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपलव्ध गराउनुपर्नेछ । यसरी माग गरेको विवरण उपलव्ध नगराएको भनि सम्बन्धित उपभोक्ता समिति भंग गर्न माग गरेमा गाउँकार्यपालिकाले सो विषयमा सत्य तथ्य बुझि उपभोक्ता समिति पुर्नगठन, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न सक्नेछ ।

१४. उपभोक्ता समितिले कामको लागि नियमानुसार लिएको पेश्की फर्छयौट गर्दा प्रथम किस्ताको प्राविधिक मुल्याङ्कन, सम्झौता अनुसारको नाप, जाँच र मूल्य खुलेको रनिङ विल, उपभोक्ता समितिको बैठकको प्रतिलिप समेत राखी सम्बन्धित स्थानीय निकायमा निवेदन दिनुपर्नेछ । यस विवरणको आधारमा अघिल्लो पेश्की फर्छयौट गरि थप कामको मात्र अर्को किस्ता कायम गरि सोही बराबरको रकम उपलव्ध गराइनेछ । उपभोक्ता समिति स्वयंले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ ।

१५. उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरि सम्बन्धित स्थानीय तहका प्रतिनिधिको रोहबरमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ र आफुले गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ ।

१५. उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरि सम्बन्धित स्थानीय तहका प्रतिनिधिको रोहबरमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ । फरफारकको लागि उक्त सार्वजनिक परिक्षको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ । अन्तिम भुक्तानी दिँदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनि उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्ष दस्तखत गरि सम्बन्धित फायलमा समाबेश गर्नुपर्नेछ ।

१६. कार्यक्रम वा आयोजनाको अन्तिम भुक्तानी एवं फरफारक गुर्नपुर्व योजना तथा कार्यक्रम अनुगमन समिति र सम्बन्धित वार्ड को सिफारिस आवश्यक पर्नेछ ।

१७. कार्यसम्पन्न भएपछि गाउँकार्यपालिकाले उक्त आयोजनाको रेखदेख मर्मत सम्भारको जिम्मेवारी समेत उक्त उपभोक्ता समितिलाई दिन सक्नेछ ।

१८. आयोजनाको लगत :
१९. कार्य प्रारम्भ र सम्पन्न हुने अवधि :
२०. उपभोक्ता समितिले गर्ने योगदानको प्रकार र रकम :

२१. कार्यक्रम वा आयोजनाको अन्तिम फरफारक वा भुक्तानी दिँदा जम्मा लागतको ४ प्रतिशत ओभरहेड कन्टिजेन्सी बापतको रकम कट्टा गरि दिइनेछ । अन्तिम भुक्तानी लिन आउँदा वा रनिङ विलको आधारमा भुक्तानी लिन आउँदा तपशीलमा उल्लिखित विवरण समेत साथमा ल्याउने ।

तपशील :

क) आयोजनाको होर्डिङ बोर्ड राखेको मुचुल्का
ख) सार्वजनिक सुनुवाईमा भएको उपस्थिती र निर्णयको प्रतिलिपि
ग) खर्च सार्वजनिक सूचना फारम
घ) भौतिक तथा वित्तिय प्रगति विवरण ।
ङ) सार्वजनिक परिक्षण फारम ।
च) आयोजना तथा कार्यक्रम अनुगमन समितिको सिफारिस ।
छ) सम्बन्धित वार्डको सिफारिस
ज) प्राविधिक जाँचपास को प्रतिवेदन र कार्य सम्पन्न प्रतिवेदन ।
झ) खर्च देखिने सक्कलै विल, भर्पाइ, डोर हाजिरी वा कम्पनी सँग गरिएको सम्झौताको सक्कलै प्रति ।
ञ) आवश्यक्ता अनुसार वार्ड स्तरिय वा गाउँपालिका स्तरीय आयोजना तथा कार्यक्रम अनुगमन समितिको सिफारिस ।
ट) आयोजनाको सुरुको अवस्था र अन्तिम सम्मको अवस्थाको फोटो २/२ प्रति ।

२२. कार्यक्रम वा आयोजना फरफारक गर्दा यस सम्झौतामा उल्लिखीत शर्त भन्दा बाहेकको अवस्थामा गरिने छैन ।

२३. आयोजना वा कार्यक्रम सम्बन्धि होर्डिङ बोर्ड आयोजना सञ्चालन हुने स्थानमा देहायका कुरा समेत खुलाई राख्नु पर्नेछ ।

. आयोजनाको नाम :
. आयोजनाको कुल लागत :
. कार्य सुरु र सम्पन्न हुने मिति :

२४. पाँच लाख सम्मको लागत अनुमान भएको आयोजनाको अन्तिम भुक्तानी मात्र हुनेछ । विस लाख सम्म लागत अनुमान भएको आयोजनालाई रनिङ विलका आधारमा एक पटक सम्म भुक्तानी दिइनेछ र बाँकी भुक्तानी कार्य सम्पन्न भए पश्चात मात्र दिइनेछ ।

**उपयुक्त बुँदाहरुमा हामि पहिलो र दोश्रो पक्ष दुवै मञ्जुर भइ एक/एक प्रति सम्झौतामा हस्ताक्षर गरि बुझिलियौं ।**

| | |
|---|---|
| **दोश्रो पक्षको तर्फबाट** | **पहिलो पक्षको तर्फबाट** |
| **नाम :** | **नाम :** |
| **पद : अध्यक्ष** | **पद :** |
| **हस्ताक्षर** | **दस्तखत :** |
| **..................................................उपभोक्ता समिति** | |
| **रोहवर :** | |
| **नाम** | **गाउँकार्यपालिकाको कार्यालय** |
| **पद : गाउँकार्यपालिका योजना शाखा प्रमुख** | |
| **हस्ताक्षर** | **मेमेङ, पाँचथर** |

# फालेलुङ गाउँकार्यपालिका/..... नं.वडा कार्यालय र उपभोक्ता समितिविच सम्पन्न गरिने आयोजना सम्झौता फारम

समूह गठनमा संलग्न लाभान्वित परिवार संख्या :
उपभोक्ता समितिका पदाधिकारीको नाम, ठेगाना :
अध्यक्ष :
सचिव :
कोषाधयक्ष :
सदस्यहरु : १.
२.
३.
४.
५.
६.

१. सम्झौता गर्ने पक्ष र आयोजना :
क) उपभोक्ता समिति सामुदायिक संस्थाको विवरण :
सम्झौता गर्ने संस्थाको तर्फबाट :
नाम :
पद :
ठेगाना :
ख) आयोजनाको विवरण :
१. आयोजनको नाम :
२. ठेगाना :
३. उद्देश्य :
४. आयोजना स्विकृत गर्ने निकाय :
५. आयोजना सुरु हुने मिति :
६. आयोजना सम्पन्न हुने मिति :
२. आयोजनाको लगत सम्बन्धि विवरण :
क) लगत अनुमान रु :
ख) लागत व्यहोर्ने श्रोत :
१. नेपाल सरकारबाट रु.
२. गाउँपालिका तर्फबाट रु.
३. वडा समितिबाट रु
४. गैर सरकारी संघ संस्थाबाट रु
५. समुदायमा आधारित संस्थाबाट रु
६. विदेशी दातृ संघ संस्थाबाट रु
७) उपभोक्ता समितिबाट रु
८) अन्यबाट रु

जम्मा रु

ग) निर्माण सामग्री लागत

खरिद गर्नुपर्ने

| सामानको नाम | परिणाम |
|---|---|
| १) | |
| २) | |
| ३) | |
| ४) | |
| ५) | |
| ६) | |
| ७) | |
| ८) | |
| ९) | |
| १०) | |

घ) निर्माण सामग्री :

| १. सम्बन्धित विषयगत शाखा वा कार्यालयबाट प्राप्त : | इकाई | परिणाम |
|---|---|---|
| वडा समितिबाट | | |
| उपभोक्ता समितिबाट | | |
| गैरसरकारी संस्थाबाट | | |
| समुदायमा आधारित संस्थाबाट | | |
| अन्यबाट : | | |

ङ) आयोजनाबाट लाभान्वित हुने :

१. घर परिवार संख्या :

२. जनसँख्या :

३. समुदाय :

३) उपभोक्ता समिति सम्बन्धि विवरण :

क) उपभोक्ता समिति गठन भएको मिति :

ख) उपभोक्ता समिति वा गैरसरकारी संस्था वा समुदायमा आधारित पदाधिकारीको नामावली र ठेगाना :

१. अध्यक्ष :
२. सचिव :
३. कोषाध्यक्ष :
४. सदस्य :
५. सदस्य :
६. सदस्य :
७. सदस्य :
८. सदस्य :
९. सदस्य :

ग) उपभोक्ता समिति गठन गर्दा उपस्थित लाभान्वितको संख्या :

घ) उपभोक्ता समिति गठन गर्दा अनुपस्थित लाभान्वितको संख्या :

ङ) आयोजना सञ्चालन सम्बन्धि अनुभव :

४. उपभोक्ता समिति वा संघ संस्थाले प्राप्त गर्ने किस्ता :

| किस्ताको क्रम | किस्ता रकम |
|---|---|
| पहिलो : (पेश्की ) | लागत अनुमानको विस प्रतिशत |
| दोश्रो : (६० प्रतिशत कार्य सम्पन्न भएपश्चात : | प्राविधिक प्रतिवेदन अनुसार सम्पन्न भएको काम बराबरको |
| अन्तिम भुक्तानी : | कार्य सम्पन्न भए पश्चात |

५. आयोजना मर्मत सम्भार व्यहोर्ने संस्था (मासिक, चौमासिक, बार्षिक श्रोत )

क) मर्मत सम्भारको जिम्मा लिने समिति सँस्थाको नाम :

ख) जनश्रमदान :

गं शुल्कबाट रु. :

घ) दस्तुर चन्दा रु. :

ङ) लागत सहभागित, चन्दा रु :

च) व्याज, अन्य बचत :

६. अन्य प्राविधिक र व्यवस्थापन सम्बन्धि :

क)

ख)

ग)

घ)

ङ)

सम्झौताको शर्त :

१. प्राप्त रकम तथा निर्माण सामग्री आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्ने गराउँनेछौ ।
२. आयोजना सम्पन्न भएपछि स्थानीय तहबाट जाँचपास गरि फरफारक लिनुपर्नेछ ।
३. आम्दानी खर्चको विवरण र कार्यप्रगति उपभोक्ता समूहमा जानकारी गराई छलफल गरी अर्को किस्ता माग गर्नेछौं ।
४. नगद जिन्सी सामान प्राप्ति, खर्च र आयोजनाको प्रगति विवरण अभिलेख आदि तयार गर्नेछौं ।
५. आयोजनाको कुल लागत अनुमान भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदान प्रतिशत निर्धारण गरी भुक्तानी लिन दिन सहमत छौ । थप रकम लाग्ने भए समयमै संशोधित अनुमान स्वीकृत गरी गर्ने गराउने छौं ।
६. आयोजना संचालन गर्ने निकायले आयोजनाको मर्मत सँभारको व्यवस्था पनि गर्नुपर्नेछ ।
७ उपभोक्ता समिति समूहको निर्णयानुसार सबै काम गर्ने गराउने छौं ।
८. आयोजना मिति : ..............देखि सुरु गरि ....................सम्ममा पुरा गराउने छौं ।

| | |
|---|---|
| गाउँकार्यपालिका/वडा कार्यालयको तर्फबाट | उपभोक्ता समितिको तर्फबाट |
| नाम : | नाम : |
| दर्जा : | दर्जा : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |